राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २९९ | २०८३ असार २८ गते आइतवार | (Sunday, 12 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेसमा फैलिँदै लागुऔषधको जालो

## खुला सीमाले दुर्व्यसनको डरलाग्दो विस्तार

**लागुऔषध प्रयोगकर्तामध्ये १५ देखि २८ वर्ष उमेर समूहका युवा सबैभन्दा बढी छन् । सरोकारवालाका अनुसार दुर्व्यसनका कारण चोरी, लुटपाट, डकैती, सडक दुर्घटना तथा अन्य आपराधिक गतिविधिसमेत बढ्न थालेका छन् ।**




**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, असार २७ गते ।*

भारतसँग जोडिएको खुला सीमाका कारण मधेस प्रदेशमा लागुऔषधको ओसारपसार र दुर्व्यसन गम्भीर चुनौती बन्दै गएको छ । प्रहरीले नियमित रूपमा लागुऔषध बरामद गर्दै कारोबारी पक्राउ गरिरहेको भए पनि यसको सञ्जाल सीमावर्ती क्षेत्रबाट गाउँ र सहरसम्म फैलिँदै गएको देखिन्छ । यसको प्रत्यक्ष असर विशेषगरी १५ देखि २८ वर्ष उमेर समूहका युवामा परेको छ ।

काठमाडौँमा अध्ययनरत एक युवक लागुऔषधको लतमा परेपछि बीचमै कलेज छोड्न बाध्य भए । परिवारले लाखौँ रुपैयाँ खर्चेर उपचार गराए पनि उनी पटक-पटक पुरानै लतमा फर्किए । यो एउटा प्रतिनिधिमूलक घटना मात्र हो । मधेस प्रदेशमा यस्ता घटना हजारौँ छन् ।

प्रदेश सरकारले लागुऔषध नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ भने प्रदेश प्रहरी कार्यालयले मातहतका निकायलाई निगरानी बढाउन निर्देशन दिएको छ । तर दैनिकजसो लागुऔषध बरामद, ओसारपसारमा संलग्न व्यक्ति पक्राउ र दुर्व्यसनमा फसेका युवाका घटना सार्वजनिक भइरहेका छन् । यसले नियन्त्रणात्मक अभियान प्रभावकारी बन्न नसकेको संकेत गर्छ ।भारतसँग सीमा जोडिएका मधेस प्रदेशका आठ जिल्लामा करिब ३६५ किलोमिटर खुला सीमा छ । सीमापार भारतीय बजारमा प्रतिबन्धित औषधि सहज उपलब्ध हुने भएकाले लागुऔषध प्रयोग गर्ने र खरिद गर्ने युवाका लागि सीमावर्ती क्षेत्र सहज गन्तव्य बन्दै गएको सरोकारवालाको भनाइ छ । यसको पुष्टि प्रहरीको तथ्याङ्कले पनि गर्छ । धनुषामा मात्रै पछिल्ला तीन वर्षमा लागुऔषधसम्बन्धी १७० वटा मुद्दा दर्ता भएका छन् । ती मुद्दामा २२० जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार नेपालबाट गाँजा भारततर्फ जाने र भारतबाट ब्राउन सुगर तथा विभिन्न प्रकारका प्रतिबन्धित ट्याब्लेट नेपाल भित्रिने क्रम बढ्दो छ । ठूलो परिमाणमा लागुऔषध बरामद भएको र संलग्नविरुद्ध मुद्दा चलाइनुका साथै फरार व्यक्तिको खोजी भइरहेको उनले बताए । प्रहरीका अनुसार लागुऔषध प्रयोगकर्तामध्ये १५ देखि २८ वर्ष उमेर समूहका युवा सबैभन्दा बढी छन् । सरोकारवालाका अनुसार दुर्व्यसनका कारण चोरी, लुटपाट, डकैती, सडक दुर्घटना तथा अन्य आपराधिक गतिविधिसमेत बढ्न थालेका छन् ।

सर्लाहीको गोडैता नगरपालिका-३ का राजीव कुशवाहाले दुर्व्यसनका कारण सामाजिक अपराध बढ्दै गएको बताए । जनकपुरधाम-१० का राजु गुप्ताले पारिवारिक निगरानीको अभाव र गलत सङ्गतका कारण धेरै युवा दुर्व्यसनमा फसिरहेको बताए । नागरिक समाजका अगुवा नन्दकिशोर झाका अनुसार गाउँदेखि सहरसम्मका युवामा दुर्व्यसनको समस्या फैलिँदै गएको छ । वैदेशिक रोजगारीमा गएका अभिभावकका सन्तानमा निगरानी कमजोर हुनु, साथीभाइको प्रभाव र विद्यालय जाने बहानामा घरबाहिर बस्ने प्रवृत्तिले समस्या झन् बढाएको उनको भनाइ छ । सरकारले समयमै प्रभावकारी कदम चाल्न नसके समस्या थप जटिल बन्न सक्ने उनले चेतावनी दिए ।

**सीमामा निगरानी बढाइँदै**

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार सीमावर्ती क्षेत्रमा निगरानी थप कडा बनाइएको छ । खुला सीमा भएकाले भारतीय प्रहरीसँग समन्वय गरी लागुऔषध कारोबारी र दुर्व्यसनमा संलग्न व्यक्तिविरुद्ध संयुक्त रूपमा निगरानी बढाइएको उनले बताए । सीमास्थित प्रहरी पोस्ट र इलाका प्रहरी कार्यालयलाई विशेष सतर्कता अपनाउन निर्देशन दिइएको उनको भनाइ छ । बिहीबार भिटामोड नाकामा भारतीय प्रहरीले पनि सीमाबाट आवतजावत गर्ने नागरिकलाई लागुऔषध नियन्त्रणबारे सचेत गराएको थियो । नेपाल-भारतबीच हुने ओसारपसार रोक्न दुवै देशका सुरक्षाकर्मीलाई सूचना उपलब्ध गराउनसमेत आग्रह गरिएको थियो । मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार ४९६ जनामा गरिएको किट परीक्षणमा २६४ जना पोजिटिभ देखिएका छन् । तीमध्ये २२० जनालाई अभिभावकको जिम्मा लगाइएको छ भने २३ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । मधेस प्रदेशका सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध नियन्त्रणलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उनका अनुसार प्रहरी प्रशासनलाई आवश्यक स्रोत-साधन उपलब्ध गराउने, पुनर्स्थापना केन्द्रलाई सुदृढ बनाउने तथा पीडित परिवारलाई मनोसामाजिक सहयोग उपलब्ध गराउने

*- बाँकी पृष्ठ ३ मा*

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operatior) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकिस्तक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

# मधेसको बजेटमाथि छलफल गर्न प्रदेश सभा बैठक बोलाइयो

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार २७ गते ।*

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पारित गर्ने उद्देश्यले आइतबार प्रदेश सभाको बैठक बोलाएको छ । बजेटमाथिको छलफल लामो समयदेखि अवरुद्ध रहेकाले सहमतिको प्रयासस्वरूप बैठक आह्वान गरिएको हो । शनिबार बसेको प्रदेश सभा कार्यव्यवस्था परामर्श समितिको बैठकले आइतबार दिउँसो १ बजे प्रदेश सभाको बैठक बोलाउने निर्णय गरेको हो । आर्थिक वर्ष सकिन चार दिन मात्र बाँकी रहेकाले बजेट समयमै पारित हुन नसके प्रदेशको वित्तीय व्यवस्थापन प्रभावित हुन सक्ने भन्दै बैठक बोलाइएको हो ।




बैठकमा सहभागी नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाका अनुसार सभामुख तथा कार्यव्यवस्था परामर्श समितिका संयोजक रामआशिष यादवले बजेट पारितमा ढिलाइ हुँदा प्रदेश आर्थिक संकटमा पर्न सक्ने भएकाले सहमतिका साथ अघि बढ्न आग्रह गरेका थिए । सोही प्रस्तावका आधारमा आइतबार बैठक बोलाउने निर्णय भएको उनले बताए ।

बजेट विवाद समाधानका लागि आइतबार बिहान ११ बजे सर्वदलीय बैठक पनि बोलाइएको

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# मधेसको माटो बचाऔं कृषि अनुसन्धान बढाऔं

देशकै अन्नको भण्डार मानिने मधेस प्रदेश आज पनि कृषि उत्पादनको अपार सम्भावना बोकेर बसेको छ । उर्वर भूमि, अनुकूल हावापानी र मेहनती किसान हुँदाहुँदै पनि मधेसले आृनो वास्तविक कृषि क्षमता उपयोग गर्न सकेको छैन । यसको प्रमुख कारण परम्परागत खेती प्रणाली, कृषि अनुसन्धानको अभाव, आधुनिक प्रविधिको सीमित प्रयोग र कृषि क्षेत्रमा दक्ष जनशक्तिको कमी हो । जलवायु परिवर्तन, अनियमित वर्षा, सिँचाइको अभाव, मल-बीउको असहज उपलब्धता र बढ्दो उत्पादन लागतले किसानलाई थप निरुत्साहित बनाइरहेको छ। यस्तो अवस्थामा कृषि अनुसन्धानलाई अझ प्रभावकारी बनाउनु अपरिहार्य छ । तर अनुसन्धान संस्थामा दक्ष वैज्ञानिक टिक्न नसक्नु र अनुसन्धानका लागि पर्याप्त स्रोत-साधनको अभाव हुनु चिन्ताको विषय बनेको छ । कृषि वैज्ञानिकहरूको पलायनले मधेसको कृषि विकासमा दीर्घकालीन असर पारिरहेको छ ।

मधेसको कृषि सुधार केवल किसानको मेहनतले मात्र सम्भव छैन । स्थानीय माटो र मौसमअनुकूल बीउ विकास, रोग-कीरा नियन्त्रण, जल व्यवस्थापन, यान्त्रिकीकरण तथा बजारमुखी उत्पादनका लागि वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिनैपर्छ । त्यसका लागि अनुसन्धान संस्थालाई पर्याप्त बजेट, आधुनिक प्रविधि र दक्ष जनशक्ति उपलब्ध गराउनु आवश्यक छ । वैज्ञानिकलाई सम्मानजनक सेवा-सुविधा र वृत्ति विकासको अवसर सुनिश्चित गरेर प्रभावकारी योगदान गर्ने वातावरण बनाउनु अपरिहार्य छ ।

संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय गरी मधेसलाई कृषि अनुसन्धान र आधुनिक खेतीको नमुना प्रदेश बनाउन अब ढिलाइ गर्नु हुँदैन । कृषि उत्पादन बढाउने, किसानको आम्दानी वृद्धि गर्ने र खाद्य आत्मनिर्भरता हासिल गर्ने आधार नै अनुसन्धान र प्रविधि हो । देशको अन्नको भण्डार भनेर चिनिने मधेसलाई उत्पादनको केन्द्र मात्र होइन, कृषि नवप्रवर्तनको केन्द्र बनाउनेतर्फ राज्यले अब ठोस कदम चाल्नुपर्छ ।

## राशिफल

मेष - आनन्द प्राप्त हुनेछ ।
वृष - हौसला जगाउनेछ ।
मिथुन - साथ दिनेहरू बढ्नेछन् ।
कर्कट - बन्धन कसिलो हुनेछ ।
सिंह - परिवारजनसँग भेटघाट हुनेछ।
कन्या - दोहोर्याएर प्रयत्न गर्नुहोला ।
तुला - उल्झन देखापर्ने समय छ ।
वृश्चिक - फाइदा उठाउन नसकिएला ।
धनु - अर्थ अभावले सताउन सक्छ ।
मकर - चिताएको काम रोकिन सक्छ ।
कुम्भ - नाफा उठाउन सकिनेछ ।
मिन - नतिजाले उत्साह जगाउनेछ ।

# आत्मदाह होइन, राज्यको एक्स-रे

"कुनै पनि लोकतन्त्र एकै दिन संकटमा पर्दैन । संकट तब सुरु हुन्छ, जब नागरिकले आफ्नो आवाज सुन्ने कुनै संस्था बाँकी छैन भन्ने महसुस गर्न थाल्छ । यस्तो महसुस तब हुन्छ जब राज्य निकै बलियो हुन्छ तर संवेदनशीलता गुमाएको हुन्छ ।"
सन्तोष मेहता



**सन्तोष मेहता**

*विचार*

जब एउटा नागरिकले आफ्नो आवाज सुनाउन आफ्नै जीवनलाई माध्यम बनाउन बाध्य हुन्छ, त्यो क्षण एउटा व्यक्तिको होइन, राज्यको पनि असफलताको क्षण हुन्छ । राज्य अभिभावक हो भन्ने अनुभूति नागरिकले गर्न सकेन भने त्यहाँ केवल सरकार बाँकी रहन्छ, राज्य रहँदैन । प्रधानमन्त्री, मन्त्री, संसद्, प्रहरी, अदालत र कानुन सबै संस्थाहरूको अन्तिम उद्देश्य नागरिकको जीवन, सम्मान र न्यायको रक्षा गर्नु हो । जब नागरिकले आफूलाई राज्यबाट असुरक्षित, अपमानित र निरास महसुस गर्न थाल्छ, त्यही क्षण लोकतन्त्रको नैतिक आधार कमजोर हुन थाल्छ । गणेश नेपालीको दुःखद निधनले आज यही कठोर प्रश्न सम्पूर्ण राज्य व्यवस्थाको सामु उभ्याएको छ ।

एकजना ऊर्जावान् युवा गणेश नेपालीको दुःखद निधन केवल एउटा व्यक्तिको मृत्यु होइन, यो हाम्रो राज्य व्यवस्था, प्रशासन र न्याय प्रणालीको सामूहिक असफलताको जीवित प्रमाण मानिन्छ । यो घटनालाई केवल एउटा व्यक्तिगत आवेग, मानसिक कमजोरी वा दुर्भाग्यपूर्ण दुर्घटनाका रूपमा हेरेर पन्छिन मिल्दैन । यो त वर्षौंदेखि थुप्रिएको प्रशासनिक बेथिति, सामाजिक विभेद, आर्थिक अप्ठ्यारो र न्याय नपाउँदाको चरम निराशाको विस्फोट देखिन्छ । यदि एउटा नागरिकले आफ्नो आवाज सुनाउन र न्यायको याचना गर्न आफ्नै जीवनलाई दाउमा लगाउनुपर्छ भने, हामीले गर्व गर्ने गणतन्त्र, विधिको शासन र समाजवाद-उन्मुख संविधान कहाँ चुकिरहेका छन् ? यो प्रश्नले आज सिंगो देशलाई गिज्याइरहेको छ ।

मनोविज्ञानको दृष्टिकोणबाट हेर्दा, आत्मदाह वा आत्महत्याको अन्तिम विन्दुमा पुग्नु अगाडि व्यक्तिले लामो समयसम्म मानसिक र भावनात्मक द्वन्द्व भोगेको हुन्छ । गणेश नेपालीको हकमा पनि यो निर्णय अचानक भएको पक्कै होइन । सडक नियम उलंघन गरे तोकिएको अत्याधिक दण्ड जरिवानाबारे सदनमा बहस भएदेखि सामाजिक संजालमा यस बारे ब्यापक प्रतिक्रिया थियो ।

सडकमा ट्राफिक वा नगर प्रहरी होस् या प्रहरी प्रशासन होउन उसको व्यवहारले आम नागरिकको आत्मसम्मानमा ठेस पुगिरहेको हुन्छ । मानिसका लागि भौतिक आवश्यकता जत्तिकै आत्मसम्मान र सामाजिक न्याय महत्वपूर्ण हुन्छ । राज्यका निकाय वा शक्तिशाली वर्गबाट जब आत्मसम्मानमा लगातार प्रहार हुन्छ, तब व्यक्तिलाई आफ्नो अस्तित्व नै निरर्थक लाग्न थाल्छ । जब शब्दहरू निरर्थक बन्छन्, जब चिठीपत्र, धर्ना र रोदनले राज्यको कान सुन्दैन, तब व्यक्तिले आफ्नो शरीरलाई नै सञ्चारको सबैभन्दा शक्तिशाली र अन्तिम माध्यम बनाउँछ । आत्मदाह गर्नु भनेको आफ्नो पीडालाई यस्तो रूपमा प्रस्तुत गर्नु हो, जसलाई राज्य र समाजले चाहेर पनि आँखा चिम्लिन नसकोस् ।

नेपाली समाजमा व्याप्त संरचनागत हिंसा र आर्थिक असमानता यस्ता घटनाका भित्री कारक हुन् । यो घटनाले हाम्रो सामाजिक र आर्थिक धरातलको नग्न तस्वीर देखाउँछ । हाम्रो प्रशासनिक र राजनीतिक प्रणाली अझै पनि पहुँच, नातावाद र पैसाको वरिपरि घुमिरहेको छ । युवाहरूमा रोजगारीको अभाव, उद्यम गर्न खोज्दा व्यहोर्नुपर्ने प्रशासनिक झमेला, र आर्थिक संकटका बेला राज्यबाट पाइने सामाजिक सुरक्षाको अभावले उनीहरूलाई घेराबन्दीमा पार्छ । हामी बिस्तारै एउटा यस्तो समाज बन्दैछौं, जो अरूको पीडामा रमिते बन्छ तर बेलैमा सहयोगको हात बढाउँदैन । सामाजिक ऐक्यबद्धता कमजोर हुँदा व्यक्ति आफूलाई पूर्ण रूपमा एक्लो महसुस गर्छ ।

आधुनिक राज्य-संरचना जुन ज्ञानमीमांसाबाट जन्मिएको हो, त्यो मूलतः पश्चिमा वैज्ञानिक-यान्त्रिक चिन्तनबाट निर्देशित छ । डेकार्तदेखि सुरु भएको मन र शरीरको विभाजनले पछि गएर मनलाई नाप्न नसकिने, तौलिन नसकिने भन्दै राज्य-व्यवस्थाबाटै बहिष्कृत गरिदियो । कानुन, प्रशासन र न्यायको जग 'मापनयोग्य व्यवहार' मा उभियो; जरिवाना कति तिर्‍यो, नियम कति उल्लंघन भयो, तर व्यक्तिको भित्री पीडा, अपमानबोध र आत्मसम्मानको क्षतिलाई नाप्ने कुनै फ्रेम नै हाम्रो प्रशासनिक चिन्तनसँग छैन । नागरिकलाई एउटा 'केस', एउटा 'फाइल नम्बर' वा 'जरिवाना तिर्ने इकाई' का रूपमा हेर्ने यही यान्त्रिक दृष्टिकोणको उपज हो । जब राज्य आफैं मानिसलाई मेसिनको एउटा पार्टपुर्जाजस्तो व्यवहार गर्छ, तब त्यही राज्यले चलाउने संयन्त्र - प्रहरी, अदालत, प्रशासन पनि सम्वेदनाशून्य बन्दै जान्छ । गणेश नेपालीको ठाउँमा एउटा 'मोटरसाइकल पार्किङ उल्लंघनकर्ता' मात्र देख्ने त्यो प्रणालीगत दृष्टिले नै उनको मानवीय पीडालाई अदृश्य बनायो । यसैले यान्त्रिक होइन अव सचेत लोकतन्त्रको खोजी भनेको केवल संस्थागत सुधार मात्र होइन, यो ज्ञानमीमांसीय सुधार पनि हो, जहाँ मनलाई पुनः राज्यको केन्द्रमा फर्काउनुपर्छ ।

इतिहास साक्षी छ, आत्मदाह सधैं व्यक्तिगत मात्र हुँदैन; यो धेरै पटक ठूला-ठूला राजनीतिक र सामाजिक परिवर्तनको प्रस्थानविन्दु बनेको छ। सन् २०१० मा ट्युनिसियाका साना व्यापारी मोहम्मद बोआजिजीले प्रशासनिक अपमान र आर्थिक अन्यायको विरोधमा आत्मदाह गरेपछि त्यसले केवल एउटा देश होइन, सम्पूर्ण मध्यपूर्वको राजनीतिक इतिहासलाई प्रभावित गर्‍यो । त्यस घटनाले देखायो कि राज्यले नागरिकको सम्मान र न्यायको अनुभूति गुमाउँदा सानो देखिने घटना पनि गहिरो राजनीतिक सन्देश बन्न सक्छ । यसको अर्थ नेपालमा पनि त्यस्तै परिणाम आउँछ भन्ने होइन । तर इतिहासले एउटा कुरा भने सिकाउँछ, राज्यले नागरिकको पीडालाई समयमै सम्बोधन नगरे असन्तुष्टि गहिरिँदै जान सक्छ र त्यसले लोकतान्त्रिक संस्थामाथिको विश्वास कमजोर पार्न सक्छ ।

लोकतन्त्रको सफलता केवल पाँच वर्षमा हुने निर्वाचन, संसद्को बैठक वा संविधानको अस्तित्वले मापन हुँदैन । लोकतन्त्रको वास्तविक मापन त्यसबेला हुन्छ, जब सबैभन्दा कमजोर, असहाय र साधारण नागरिकले पनि आफूलाई राज्यको संरक्षणभित्र रहेको महसुस गर्छ । राजनीतिशास्त्री जोन लकले राज्यको वैधता नागरिकको जीवन, स्वतन्त्रता र सम्पत्तिको सुरक्षाबाट आउने बताएका थिए । जिन-ज्याक रूसोले राज्य र नागरिकबीचको सम्बन्धलाई सामाजिक करार माने । नागरिकले राज्यलाई अधिकार यस विश्वासमा सुम्पन्छ कि राज्यले उसको जीवन र सम्मानको रक्षा गर्नेछ । जब यही करार कमजोर हुन्छ, लोकतन्त्रको कानुनी अस्तित्व रहला, तर यसको नैतिक वैधता कमजोर बन्छ । यसप्रकारको घटनाले राज्यले नागरिकको पीडा सुन्न सक्ने क्षमताको विकास अझै गरेको छैन भन्ने अर्थ दिन्छ । खैर, इन्जिनियरहरू भएको टेक्नोक्रेट सरकार हो तर प्राविधिक दक्षता मात्र पर्याप्त हुँदैन; शासनमा मानवशास्त्रीय, मनोवैज्ञानिक र राजनीतिक संवेदनशीलता पनि अपरिहार्य हुन्छ । काम गर्दै छु भनेर कोठा थुनेर हुँदैन नागरिकसँग संवादमा नि आउनुपर्छ ।

कुनै पनि लोकतन्त्र एकै दिन संकटमा पर्दैन । संकट तब सुरु हुन्छ, जब नागरिकले आफ्नो आवाज सुन्ने कुनै संस्था बाँकी छैन भन्ने महसुस गर्न थाल्छ । यस्तो महसुस तब हुन्छ जब राज्य निकै बलियो हुन्छ तर संवेदनशीलता गुमाएको हुन्छ । यस्तो प्रायः तब हुन्छ जब विधिको शासनको नाममा सर्वसाधारण उपर अत्यधिक तनाव सिर्जना गरिन्छ । त्यसैले आत्मदाहलाई केवल व्यक्तिगत निर्णय भनेर टार्नु लोकतन्त्रप्रति अन्याय हुनेछ । प्रत्येक यस्ता घटनाले राज्यका संस्थाहरू नागरिकसँगको संवादमा कहाँ असफल भए भन्ने प्रश्न उठाउँछ । अहिले सम्म हामीले अभ्यास गरेका लोकतन्त्रको प्रक्रिया उपर पनि यो प्रश्न रहन्छ ।

त्यसैले सचेत लोकतन्त्रको आवश्यकता छ, जहाँ नागरिक आर्थिक रूपमा सुरक्षित हुनुपर्छ, सामाजिक रूपमा सम्मानित हुनुपर्छ, मानसिक रूपमा आश्वस्त हुनुपर्छ र कानुनी रूपमा न्याय पाउने विश्वास राख्नुपर्छ । भोक, बेरोजगारी, प्रशासनिक अपमान, सामाजिक विभेद र न्याय नपाउने अवस्था पनि सुरक्षा संकट नै हुन् । यदि नागरिक यिनै कारणले निराशाको अन्तिम विन्दुसम्म पुग्छ भने त्यो केवल व्यक्तिगत समस्या होइन, राज्यको नीतिगत कमजोरीको सङ्केत पनि हो । कानुनको उद्देश्य नागरिकलाई डर देखाउनु होइन, सुरक्षित बनाउनु मानिन्छ । दण्डको उद्देश्य प्रतिशोध होइन, अनुशासन र न्याय स्थापना गर्नु हो । यदि कानुन कार्यान्वयन गर्ने शैलीले नागरिकको आत्मसम्मानलाई बारम्बार चोट पुर्‍याउँछ भने कानुनप्रतिको विश्वास कमजोर बन्छ । सचेत लोकतन्त्रमा राज्यको शक्ति उसको कठोरताबाट होइन, उसको न्यायपूर्ण र मानवीय व्यवहारबाट मापन हुन्छ ।

मानव जीवनभन्दा ठूलो कुनै कानुन, कुनै व्यवस्था, कुनै राजनीति र कुनै सत्ता हुन सक्दैन । कानुन र दण्ड-जरिवानाभन्दा माथि

- बाँकी पृष्ठ ३ मा

## मधेसको बजेटमाथि छलफल गर्न...

छ। सर्वदलीय छलफलबाट सहमति जुटेपछि प्रदेश सभाको बैठक सञ्चालन गर्ने तयारी गरिएको छ। बजेटप्रति असन्तुष्टि जनाउँदै विपक्षी दलहरूले प्रदेश सभाको बैठक निरन्तर अवरुद्ध गर्दै आएका छन्। त्यसका कारण असार १४ गतेयता प्रदेश सभाको बैठक बस्न सकेको छैन। हाल मधेश प्रदेशमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को समर्थनमा सरकार सञ्चालन भइरहेको छ। विपक्षी दलहरूले सरकारले उपभोक्ता समितिमार्फत खर्च बढाउने तथा कमिसनमुखी र सत्तारुढ दलका मन्त्री एवं सांसदका निर्वाचन क्षेत्र केन्द्रित बजेट ल्याएको आरोप लगाउँदै आएका छन्। प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोज यादवले प्रदेश सभा अवरुद्ध पार्ने उद्देश्य नभएको बताए। उनका अनुसार जनताको आवश्यकता र समग्र प्रदेशको विकासभन्दा पनि अर्बौं रुपैयाँका योजना 'सेटिङ'का आधारमा समावेश गरिएको, बजेट मन्त्री तथा सत्तारुढ सांसदका निर्वाचन क्षेत्र केन्द्रित बनाइएको र कमिसनमुखी कार्यक्रम समेटिएकाले विरोध गर्न बाध्य भएको हो।

## वर्षा नहुँदा खेत बाँझै...

उल्लेख गरे।

बागमती सिँचाइ आयोजनाले रौतहटको करिब १३ हजार हेक्टर र झाँझ सिँचाइ आयोजनाले करिब चार हजार ५०० हेक्टर जमिन सिँचित गर्दै आएको कार्यालय प्रमुख कुर्मीले जानकारी दिए। उनका अनुसार बागमती सिँचाइबाट चन्द्रपुर नगरपालिकाको आधा भूभाग, बृन्दावन, गुजरा, गढीमाई, माधवनारायण नगरपालिका तथा दुर्गाभगवती गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै, झाँझ आयोजनाअन्तर्गत गरुडा, माधवनारायण, गढीमाई नगरपालिका र यमुनामाई गाउँपालिकामा सिँचाइ पुगेको छ।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गरे। उनका अनुसार स्यालो ट्युबवेलबाट २० प्रतिशत खेतीयोग्य जमिन सिञ्चित हुने कुर्मीले जानकारी दिए। स्यालो ट्युबेल तरकारीखेतीमा बढी प्रयोग हुने गरेको उनको भनाइ छ। उनका अनुसार नारायणी सिँचाइ व्यवस्थापन कार्यालयअन्तर्गत गण्डक नहरको पानी रौतहट भित्र्याउनसके चार वटा पालिकामा सिँचाइ पुग्ने उनले बताए।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गरे। उनका अनुसार बौधीमाई नगरपालिकाको बङ्कुलबाट दुर्गाभगवती गाउँपालिकाको बडहर्वासम्म गण्डक नहर विस्तार भए पनि लामो समयदेखि उक्त नहरमा पानी आउन सकेको छैन। रौतहटको कुल ५२ हजार २०० हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३८ हजार ५०० हेक्टरमा धान रोपिँदै आइएको उनले जानकारी दिए।

कार्यालय प्रमुख कुर्मीका अनुसार गत वर्ष रौतहटमा करिब ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो। मनसुन सक्रिय भई निरन्तर वर्षा भए केही दिनभित्र रोपाइँले गति लिने उनले बताए।

## मधेसमा फैलिँदै लागुऔषधको...

कार्यक्रम सञ्चालन भइरहेका छन्। जनकपुरस्थित न्यू मुस्कान पुनर्स्थापना केन्द्रका निर्देशक सन्तोष ठाकुरका अनुसार केन्द्रमा १४ देखि ६० वर्ष उमेर समूहका व्यक्ति उपचारका लागि आउने गरेका छन्। विगत वर्षको तुलनामा पुरुषको सङ्ख्या केही घटे पनि किशोरी र महिलाको सङ्ख्या बढ्दै गएको उनले बताए। हाल केन्द्रमा २५ देखि ३० जना उपचाररत छन्। ठाकुरका अनुसार साथीभाइको प्रभाव, बेरोजगारी, पारिवारिक कलह र प्रेम सम्बन्धमा आएको असफलताका कारण धेरै व्यक्ति दुर्व्यसनमा फस्ने गरेका छन्। "दुर्व्यसन एउटा रोग हो। समयमै उपचार गरिए निको हुन सक्छ, तर धेरै अभिभावकले ढिलो गरी पुनर्स्थापनामा ल्याउने गरेका छन्," उनले भने।

मानसिक रोग विशेषज्ञ डा. रावित रञ्जनका अनुसार पछिल्ला केही वर्षयता मधेसमा लागुऔषध दुर्व्यसन चिन्ताजनक रूपमा बढेको छ। विशेषगरी १५ देखि ३० वर्ष उमेर समूहका किशोर-युवा बढी प्रभावित छन् भने पछिल्ला वर्षमा किशोरी र युवतीको सङ्ख्यासमेत बढ्न थालेको छ। उनका अनुसार उपचारका लागि आउने अधिकांश बिरामीले साथीभाइको सङ्गत, जिज्ञासा, बेरोजगारी, पारिवारिक तनाव वा विदेशबाट फर्किएका साथीहरूको प्रभावमा लागुऔषध प्रयोग सुरु गरेको बताएका छन्।

जनकपुर प्रादेशिक अस्पतालका मानसिक रोग विशेषज्ञ डा. तेजनारायण महतोका अनुसार धेरै युवाले चुरोट, मदिरा वा गाँजाबाट सुरु गरेर पछि ट्याब्लेट, सिरिन्जमार्फत प्रयोग गरिने लागुऔषध तथा अन्य कडा पदार्थतर्फ आकर्षित हुने गरेका छन्। यसले डिप्रेसन, चिन्ता, अनिद्रा, आक्रामक व्यवहार, स्मरणशक्ति कमजोर हुने, पढाइ छोड्ने, पारिवारिक सम्बन्ध बिग्रिने र कतिपय अवस्थामा आत्महत्याको जोखिमसमेत बढाउने गरेको उनले बताए। मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार प्रहरीले नियमित चेकजाँच, विशेष अभियान, गस्ती तथा सूचनाका आधारमा लागुऔषध नियन्त्रणका कारबाहीलाई निरन्तरता दिएको छ।

लागुऔषध बरामद भइरहेका छन् भने ओसारपसार तथा बिक्री-वितरणमा संलग्न व्यक्तिविरुद्ध अनुसन्धान जारी छ। उनका अनुसार मधेस प्रदेशका आठै जिल्लामा खुला सीमा रहेकाले प्रहरीको प्रयास मात्र पर्याप्त हुँदैन। परिवार, विद्यालय, स्थानीय तह, स्वास्थ्य संस्था र समुदायको सक्रिय सहभागितासँगै युवालाई समयमै सचेतना, परामर्श, उपचार र पुनर्स्थापनाको पहुँच विस्तार गर्न सके मात्रै दुर्व्यसन नियन्त्रण प्रभावकारी बन्न सक्छ। प्रहरीका अनुसार जेठ महिनामा प्रदेशभर लागुऔषध ओसारपसारमा संलग्न ८० जना र १३ वटा सवारीसाधन नियन्त्रणमा लिइएको थियो। यस्तै असार १ देखि २४ गतेसम्म थप ५२ जनालाई नियन्त्रणमा लिएर कानुनी कारबाही अघि बढाइएको छ। खुला सीमा, बेरोजगारी, कमजोर पारिवारिक निगरानी, साथीभाइको प्रभाव र बढ्दो मानसिक तनावका कारण मधेसमा लागुऔषध दुर्व्यसनको जोखिम बढ्दै गएको देखिन्छ। सरोकारवालाका अनुसार प्रहरीको नियन्त्रणात्मक अभियानसँगै रोकथाम, उपचार, पुनर्स्थापना, जनचेतना र समुदायको सक्रिय सहभागितालाई समान प्राथमिकता दिन सके मात्रै यो समस्या प्रभावकारी रूपमा न्यूनीकरण गर्न सकिन्छ।

# अभिनेता प्रकाश राजलाई अदालतबाट राहत

द पब्लिक टुडे समाचारदाता

*गौशाला, असार २७ गते।*

चर्चित अभिनेता प्रकाश राजलाई एकभन्दा बढी भोटर आईडी कार्ड राखेको मामलामा अदालतबाट राहत मिलेको छ। अभिनेतामाथि एउटा वा दुईटा मात्र नभएर चारवटा भोटर आईडी कार्ड राखेको आरोप लागेको थियो।



यसै सिलसिलामा बेंगलोरको ४८औँ एसीजेएम अदालतले शुक्रबार उनलाई जमानत दिएको हो। अदालतले जमानतका लागि एउटा शर्त राख्दै अभिनेतालाई ४ हजार रुपैयाँ नगद जमानत राशि जम्मा गर्न आदेश दिएको छ।

यसअघि अदालतले उनको विरुद्धमा गैर-जमानती वारेन्ट जारी गरिदिएको थियो। वारेन्ट जारी भए लगतै उनका वकिलले अदालतमा उक्त वारेन्ट फिर्ता लिनका लागि निवेदन दिएका थिए। प्रकाश राज शुक्रबार आफैं अदालतमा उपस्थित भएपछि न्यायाधीशले पुरानो वारेन्ट रद्द गरिदिए। जमानतको शर्त पुरा गरेपछि उनले बेल पाएका हुन्।

सामाजिक तथा राजनीतिक मुद्दाहरूमा आफ्नो खुला विचार राख्ने प्रकाश राजको विवादहरूसँग पुरानो सम्बन्ध रहँदै आएको छ। उनी एक अब्बल अभिनेता, निर्देशक, निर्माता र टिभी होस्ट हुन्। उनले विभिन्न भाषाहरूका फिल्ममा अभिनय गरेका छन्। रंगमञ्चबाट अभिनय यात्रा सुरु गरेर टिभीमा काम गरेका उनले सन् १९९४ को तमिल फिल्म 'डुएट' बाट वास्तविक पहिचान पाएका थिए। यो फिल्म उनको हृदयको नजिक रहेकाले उनले आफ्नो प्रोडक्सन कम्पनीको नाम नै 'डुएट मुभिज' राखेका थिए। उनी फिल्म क्षेत्रमा आफ्नो उत्कृष्ट अभिनयका कारण ५ पटक नेशनल अवार्ड जित्न सफल भइसकेका छन्। सुरुवाती दिनमा खलनायकको भूमिकाबाट पहिचान बनाएका प्रकाश राज अचेल उत्कृष्ट क्यारेक्टर रोलहरूमा छाउने गर्छन्। मणिरत्नमको 'इरुवर' र प्रियदर्शनको 'काञ्चीवरम' का लागि उनले नेशनल अवार्ड पाएका थिए।

उनले निर्माताका रूपमा पनि आफ्नो बलियो उपस्थिति देखाएका छन्। कन्नड फिल्म 'पुत्तक्कना हाइवे' का लागि पनि उनले नेशनल अवार्ड जितेका थिए। उनले चर्चित टिभी शो 'नीङ्लुम वेल्लालम ओरु कोडी' (केबीसीको तमिल भर्सन) होस्ट गरिसकेका छन्। प्रशंसकहरूले उनलाई आगामी दिनमा 'दृश्यम ३', 'वाराणसी', एक्सन ड्रामा 'स्पिरिट' र 'गोलमाल ५' मा देख्न पाउनेछन्।

## आत्मदाह होइन, राज्यको...

सधैं मानवता हुनुपर्छ। तर आज हाम्रो राज्य संयन्त्र मानवतारहित र संवेदनाशून्य बन्दै गएको छ। प्रतिपक्षि दलहरू आन्तरिक कलहमा यति व्यस्त छन् कि उनीहरूलाई नागरिकका आधारभूत समस्या, निराशा र आँसु देख्ने फुर्सद नै छैन। सत्तापक्षको कुरै नगरौं यति धेरै नेता सांसद भए कि सम्हाल्न सकिरहेको छैन, कार्यकर्ता व्यवस्थापनबाट फुर्सद नै पाइरहेको छैन। गणेश नेपाली अब फर्केर आउनुहुन्न। तर उहाँले छोडेर जानुभएका प्रश्नहरू अझै जीवित छन्। राज्यले यी प्रश्नहरूको उत्तर केवल श्रद्धाञ्जली, राहत वा भाषणले दिन सक्दैन। यसको उत्तर प्रशासनिक सुधार, न्यायपूर्ण शासन, उत्तरदायी राजनीति र नागरिकप्रति मानवीय व्यवहारबाट मात्र दिन सकिन्छ। एउटा सामान्य नागरिकले आफू अन्यायमा पर्दा राज्यले मेरो कुरा सुन्छ भन्ने विश्वास नै लोकतन्त्र हो। जब त्यो विश्वास टुट्छ, संविधानका अक्षर बाँकी रहन्छन्, तर लोकतन्त्रको आत्मा कमजोर हुन्छ। गणेश नेपालीको दुःखद निधनलाई केवल एउटा घटनाका रूपमा होइन, सचेत लोकतन्त्रका लागि बजेको गम्भीर चेतावनीका रूपमा बुझ्न सकियो भने मात्र यो पीडाले भविष्यका जीवनहरू बचाउन सक्छ। राज्यले आफ्ना कमजोरी स्वीकारेर सुधारको बाटो रोज्नुपर्छ, ताकि कुनै पनि नेपाली नागरिकले आफ्नो आवाज सुनाउनकै लागि आफ्नो अमूल्य जीवन दाउमा लगाउनुपर्ने अवस्था फेरि कहिल्यै नआओस्। नागरिकका गुनासाहरू सुन्ने र तिनको तत्काल सम्बोधन गर्ने स्थानीय संयन्त्रहरूलाई बलियो बनाइनुपर्छ। सरकारी कार्यालयहरूमा सर्वसाधारणलाई गरिने व्यवहारमा मानवीय संवेदनशीलता थप्न 'ह्युमन रिसोर्स' मोडलमा सुधार गर्नुपर्छ। स्थानीय तहसम्म मानसिक स्वास्थ्य सेवा र 'क्राइसिस काउन्सिलिङ' केन्द्रहरूको स्थापना गरिनुपर्छ, जहाँ समस्यामा परेका नागरिकले निःशुल्क परामर्श र ढाडस पाउन सकोस्। गणेश नेपालीको आत्मदाह केवल एक दुखान्त घटना मात्र होइन, यो सिंगो राज्य व्यवस्थाको एक्स-रे रिपोर्ट हो, जसले हाम्रो प्रणाली भित्रभित्रै कति कमजोर र खोक्रो भइसकेको छ भन्ने देखाउँछ। यो घटनाले हामी सबैलाई - चाहे त्यो राज्य होस्, राजनीतिक दल होस्, प्रशासन होस् वा नागरिक समाज- इमानदारीपूर्वक आत्मसमीक्षा गर्ने ठाउँमा उभ्याएको छ। कानुन र सत्ता तब मात्र जीवित रहन्छन्, जब नागरिक सुरक्षित र खुसी रहन्छन्। लोकतन्त्रको सबैभन्दा ठूलो विजय निर्वाचनमा आएको दुइ तिहाईको धंगधंगी होइन, कुनै पनि नागरिकले आफ्नो पीडा सुन्ने राज्य अझै बाँकी छ भन्ने विश्वास हो। त्यो विश्वास जोगाउनु नै आजको सबैभन्दा ठूलो राष्ट्रिय दायित्व ठहरिन्छ। शोकसन्तप्त परिवारमा यो असह्य पीडा सहने शक्ति मिलोस्, र राज्यको चेत खुलोस्। यही नै उहाँप्रतिको सबैभन्दा अर्थपूर्ण श्रद्धाञ्जली हुनेछ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

भूमि प्रशासन कार्यालय बर्दिवासको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

लाल बहादुर बुर्जाको नातिनी हर्क बहादुर बुर्जा मगरको छोरी जिल्ला धनुषा नगरपालिका मिथिला वडा नं. ११ बस्ने वर्ष ५५ को रत्न कुमारी पुलामी समेत २ छोरीहरुले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको (बाबु) हर्क हादुर बुर्जा मगर नामको साविक दर्ता लगत भिडाइ हाम्रो नाममा हर्क ब.बुर्जा मगर को नामबाट हाम्रो नाममा छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं. २९१७ मिति २०८२/१०/०७ को निवेदनबाट माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउन होला अन्यथा कानुन बमोजिम भई जानो व्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| महोत्तरी | २५ नं. बहादुरगंज | ४ग | ६९ | ०-१७-१५ |
| महोत्तरी | २५ नं. बहादुरगंज | २घ | १८ | ०-१८-७$^{१}/_{२}$ |

# वर्षा नहुँदा खेत बाँझै



**राष्ट्रिय समाचार समिति**

*रौतहट, असार २७ गते ।*

रौतहटको चन्द्रपुर नगरपालिका-२ सखुवानीका किसान खुशबहादुर बम्जन दैनिकजसो खेत पुगेर आकाश हेर्दै फर्किन्छन् । असारको २७ गते बितिसक्दासमेत यस वर्ष रोपाइँको टुङ्गो नहुँदा उनी निराश हुन्छन् ।

धानको बीउ तयार छ तर खेत पूरै सुक्खा छ । खेतमा सिँचाइको सुविधा नहुँदा यहाँका भेगका बम्जनसहित सयौँ किसान आकाश हेर्न बाध्य छन् । गत वर्ष पनि समयमा वर्षा नहुँदा सिँचाइ अभावले धान रोप्न नपाएका बम्जनले यस वर्ष भने रोपाइँ गर्ने योजना बनाएका थिए । अहिले आकाशे पानीको भरमा बस्नु परिरहेकाले रोपाइँ अन्योल बनेको उनको भनाइ छ । “रोपाइँका लागि आलीघारी जोतखन तयार छ तर पानीको व्यवस्था नहुँदा समस्या भइरहेको हो, खेत पूरै बाँझै छन्”, बम्जनले भने ।

यस्तै समस्या र चिन्तामा छन् सोही गाउँका कुलदीप चौधरी । “गत वर्ष सिँचाइ नहुँदा रोपाइँ नभएको खेत अहिले पनि बाँझै रहने चिन्ता छ । अहिलेसम्म पर्याप्त पानी परेको छैन, बीउ ब्याडमै सुकेका छन् । कहिले रोपाइँ गर्ने अन्योलमा छौँ”, उनले भने । आकाशे पानीको भरमा बस्नुपर्ने, वैकल्पिक सिँचाइको व्यवस्था नहुनेलगायत कारणले खेत बाँझै हुन थालेकामा उनले चिन्ता व्यक्त गरे ।

किरण बम्जन, बाबुराम घिसिङ, उमेश चौधरीलगायत यहाँका सयौँ किसानलाई गत वर्ष बाँझो बनेका खेत यस वर्ष पनि रोपाइँ नहुने हो कि भन्ने चिन्ता बढेको छ । जिल्लामा करिब ३८ हजार ५०० हेक्टर जमिन धान रोप्न योग्य भए पनि हालसम्म ६ हजार १६० हेक्टरमा मात्रै धान रोपाइँ भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिए । यतिबेलासम्म करिब ४५ देखि ५० प्रतिशत रोपाइँ हुनुपर्ने बताउँदै उनले प्रयाप्त वर्षा नहुँदा करिब १६ प्रतिशत रोपाइँ भाएको

*- बाँकी पृष्ठ ३ मा*

# रचना वाचन गरेर प्रलेस धनुषाले मनायो भानुजयन्ती

**नारायण घिमिरे**

*बर्दिबास, असार २७ गते ।*

प्रगतिशील लेखक सङ्घ (प्रलेस) नेपाल, धनुषाले विशेष रचना वाचन कार्यक्रम गरेर २१३औँ भानुजयन्ती मनाएको छ । शनिबार ढल्केवरस्थित मुगलाल-मोहन महतो स्मृति प्रतिष्ठानको सभाहलमा प्रलेस धनुषाका अध्यक्ष गणेश घिमिरेको अध्यक्षता तथा मिथिला नगरपालिकाकी उपप्रमुख सुनिता सिंह बुढाथोकीको प्रमुख आतिथ्यतामा प्रलेसले विशेष रचना वाचन कार्यक्रम गरेर २१३औँ भानुजयन्ती मनाएको हो ।

कार्यक्रमको सञ्चालन प्रलेस धनुषाका सचिव राम मिलनले गरेका थिए भने उपाध्यक्ष प्रेमनिधि भट्टराईले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।



कार्यक्रममा वरिष्ठ पत्रकार अनिल कर्ण, प्रलेस नेपाल विदेश विभाग सदस्य प्रेम घिमिरे, केन्द्रीय सदस्य विमला विश्वकर्मा, मधेश प्रदेश अध्यक्ष नारायण घिमिरे, बुद्यौली साहित्य समाज सिराहाका अध्यक्ष गणेश अधिकारी, मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दाहाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो अवसरमा विदुषी दाहाल, पूजा यादव, जीवनस्पर्शी, कुशल अधिकारी, लिलानाथ गौतम, प्रेमनिधि भट्टराई, बैकुण्ठ श्रेष्ठ, विमला विक, रेनुका भण्डारी दाहाल, डोरबहादुर खड्का, जनकप्रसाद पौडेल, दिनेश कोइराला, विपिराज दाहाल, निरप्रसाद शर्मा, विपुल विद्रोही, पवित्रा कुमारी, सत्यनारायण आलोक, दुर्गा गौतम, राजकुमार विक, फुल्गेन मगही, राकेश झा, गणेश तिमिल्सिना, गणेश घिमिरे, देवी घिमिरे, प्रेम घिमिरे, नारायण घिमिरे, निला घिमिरेलगायत स्रष्टाले कविता, गीत, गजल तथा मुक्तक वाचन गरेका थिए ।

वक्ताहरूले नेपाली भाषा र साहित्यको विकासमा आदिकवि भानुभक्त आचार्यको योगदान अतुलनीय रहेको उल्लेख गर्दै नयाँ पुस्तालाई साहित्य सिर्जनातर्फ आकर्षित गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए ।

प्रमुख अतिथि उपप्रमुख बुढाथोकीले साहित्य समाज परिवर्तनको सशक्त माध्यम भएको उल्लेख गर्दै युवा पुस्तालाई मानवीय मूल्य, संस्कार र सिर्जनशीलतासँग जोड्न साहित्यिक गतिविधि अझ सशक्त बनाउनुपर्ने धारणा राखिन् ।

# विवेकले किन गरे आत्मदाहको प्रयास ?

**अमलेश शर्मा**

*सर्लाही, असार २७ गते ।*

विज्ञान विषयमा स्नातकोत्तर (एमएससी) गरेका सर्लाहीका एक युवकले आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका छन् । गोडैता नगरपालिका-१० सिसौटियाका ३५ वर्षीय विवेक मण्डल गम्भीर घाइते भएपछि उनलाई नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पताल लगिएको छ ।

शुक्रबार दिउँसो आत्मदाह प्रयासका क्रममा गम्भीर घाइते भएका विवेकलाई सुरुमा प्रादेशिक अस्पताल मलंगवामा उपचार गरिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि शुक्रबार साँझ नै थप उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल पठाइएको हो ।

प्रादेशिक अस्पताल मलंगवाका शल्यचिकित्सक डा. संजीवकुमार झाले विवेकको शरीरको करिब ८५ प्रतिशत भाग जलेको बताए । ‘अस्पताल ल्याउँदा टाउकोदेखि खुट्टासम्म जलेको अवस्था थियो । यति धेरै जलेका बिरामीलाई बचाउन निकै चुनौतीपूर्ण हुन्छ,’ उनले भने, ‘अस्पतालमा प्रारम्भिक उपचारका क्रममा जलेका भागमा ड्रेसिङ, आवश्यक औषधि तथा तरल पदार्थ (फ्लुइड) दिई अवस्था स्थिर बनाउने प्रयास गरिएको थियो ।’

त्यसपछि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय तथा स्वास्थ्य निकायबीच समन्वय भएपछि साँझ करिब ७ बजे हेलिकप्टरमार्फत काठमाडौं पठाइएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक रवीन्द्रनाथ पौडेलका अनुसार विवकको आईसीयूमा राखेर उपचार भइरहेको छ। ‘पछिल्लो अवस्थाबारे अस्पतालसँग निरन्तर सम्पर्कमा छौं । उहाँको अवस्था गम्भीर छ,’ उनले भने ।



परिवार स्रोतका अनुसार विवेक विज्ञान विषयमा स्नातकोत्तर (एमएससी) उत्तीर्ण थिए । उनले २०७९ सालदेखि महोत्तरीको गौशाला नगरपालिका-१ स्थित श्री माध्यमिक विद्यालय रामनगरमा करार शिक्षकका रूपमा करिब तीन वर्ष अध्यापन गरेका थिए । गत साउनमा जागिर छाडेपछि उनी घर फर्किएका थिए ।

विवेकका बुवा उपेन्द्र मण्डलका अनुसार शिक्षकको जागिर छोडेपछि उनी पछिल्लो समय रोजगारी नपाउँदा चिन्तित रहने गरेका थिए । ‘जागिर छाडेपछि धेरै ठाउँमा आवेदन दियो । लिखित परीक्षामा राम्रो अंक ल्याउँथ्यो तर अन्तर्वार्तामा सफल हुन सकेन,’ विवेकका बुवा उपेन्द्रले भने, “पढाइका क्रममा भएको खर्च र परिवारको आर्थिक अवस्था सुधार्ने चिन्ता उसलाई सधैं भइरहन्थ्यो ।’

महोत्तरीको गौशाला नगरपालिका-१ का वडाध्यक्ष नवीनकुमार साहले शिक्षकको जागिर छोड्नुको कारणबारे विद्यालयभित्र केही विवाद रहेको बताउँछन् । ‘उहाँले झन्डै तीन वर्ष विद्यालयमा पढाउनुभयो । तर, पछि केही विवाद उत्पन्न भएपछि विद्यालय व्यवस्थापन समिति र नगरपालिकाको शिक्षा शाखाको समन्वयमा सेवा निरन्तरता हुन सकेन,’ उनले भने, ‘त्यसपछि उहाँ विद्यालय छाडेर घर फर्किनुभएको हो ।’

स्थानीय सुरेश राउतका अनुसार मण्डल पछिल्लो करिब एक वर्षदेखि बेरोजगार थिए । रोजगारी नपाउनु, आर्थिक अभाव र अन्य व्यक्तिगत समस्याका कारण उनी मानसिक तनावमा रहेको स्थानीयको भनाइ छ ।

गोडैता नगरपालिका- १० का वडाध्यक्ष वैद्यनाथ मण्डलले पनि विवेक केही समयदेखि मानसिक तनावमा रहेको जानकारी आएको बताए । ‘केही समयअघि मसँग पनि सामान्य विवाद भएको थियो । पछिल्लो समय उहाँ मानसिक रूपमा असहज अवस्थामा रहेको कुरा स्थानीयबाट सुन्ने गरेका थियौं,’ उनले भने ।

प्रहरीका अनुसार घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ ।

प्रारम्भिक रूपमा मण्डल केही समयदेखि मानसिक तनावमा रहेको देखिएपनि घटनाको यथार्थ कारणबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री